# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (६) चितवन, असोज ०६, २०७९ साल अंक ५

## भाग ३

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७९ को कार्यविधि नं. ५**

### युवाक्लब गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०७९

**प्रस्तावना :** कार्यपालिका पारित मिति : - २०७९/०५/३०

समृद्व राष्ट्र निर्माणको आधारस्तम्भको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तीकरण गर्दै उनिहरुको सर्वाङ्गीण विकासका लागि युवामैत्री नीति योजना कार्यक्रम र प्राथमिकता निर्धारण गर्न तथा युवा लक्षित उद्वेश्य प्राप्तिका लागि राज्यलाई पृष्टपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न यस नगरपालिकाको हरेक वडामा स्वयंसेवकीय सञ्जालको रुपमा युवाक्लव गठन गरी क्लव मार्फत युवा

लक्षित कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी खैरहनी नगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड निर्माण गरी स्वीकृत गरेको छ ।

## परिच्छेद १

## (प्रारम्भिक)

**१ संक्षिप्त नाम र प्रारम्भः**

१ यो मापदण्डको नाम "युवा क्लव गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

२ यो मापदण्ड नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "युवा क्लव" भन्नाले नगरपालिकाको प्रत्येक वडामा गठन भएको १६-२४ वर्ष उमेर समुहका युवा सदस्यहरु रहेका यसै मापदण्ड बमोजिम गठित युवा क्लवलाई सम्झनुपर्छ ।

ख."युवा" भन्नाले राष्ट्रिय युवा परिषद ऐनले परिभाषित गरेको उमेर समूहको युवा सम्झनुपर्छ ।

ग. "प्राथमिकताको समूहका युवा" भन्नाले राष्ट्रिय युवा नीति, २०७२ बमोजिम महिला, आदिवासी, जनजाति, मधेशी, दलित, मुस्लिम र पिछ्डिएको क्षेत्रका युवालाई सम्झनुपर्छ ।

घ. "विषेष प्राथमिकताको समूहका युवा" भन्नाले द्धन्दपिडित, जोखिममा परेका, अपाङ्गता भएका, सिमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक युवालाई सम्झनुपर्छ ।

ङ. "द्धन्दपिडित युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम २०५२ सालदेखि २०६३ मंसिर ५ गते सम्म नेपालमा भएको सशस्त्र द्धन्द र पछिल्ला समयका द्धन्द्धपिडित परिवारका युवालाई जनाउनेछ ।

च. "जोखिममा रहेका युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम एच आई भी एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

छ. "अपाङ्गता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता, दृष्टिविहिन, वहिरा तथा फरक क्षमता राख्ने युवालाई सम्झनुपर्छ ।

ज."सीमान्तकृत" भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडी पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासकोस्तर भन्दा न्युन स्थितिमा रहेका अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतका युवालाई सम्झनुपर्छ ।

झ."अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनुपर्छ ।

ञ. "नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई सम्झनुपर्छ ।

ट. "नगर प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

ठ. "वडा अध्यक्ष" भन्नाले खैरहनी नगरपालिका भित्रका वडाका वडा अध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## (युवा क्लवको गठन प्रक्रिया काम कर्तव्य र अधिकार)

### ३ युवा क्लवको गठन

१. स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडा अध्यक्षको संरक्षकत्वमा वडा युवा क्लव र नगर प्रमुखको संरक्षकत्वमा नगर युवाक्लव गठन हुनेछ ।

२. उपदफा (१) बमोजिम गठन हुने वडा युवा क्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवा क्लबका साधारण सदस्य हुन सक्नेछन । यसका लागि सम्बन्धित वडा समितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडा समितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नु पर्नेछ ।

युवा क्लबका साधारण सदस्य चौविस वर्ष उमेर पुरा भएपछि उक्त युवा क्लबको सदस्य रहने छैन ।

३. उपदफा (१) बमोजिम गठन हुने नगर युवाक्लवमा नगर भित्रका १३ वटै वडाका वडा युवाक्लवका अध्यक्ष सहित खुला समुहबाट मनोनित युवा सदस्य हुन सक्नेछन ।

४. वडा अध्यक्षको संरक्षकत्वमा हरेक वडामा गठन हुने वडास्तरीय युवाक्लव सम्वन्धित वडा समितिले र नगर प्रमुखको संरक्षकत्वमा गठन हुने नगर युवाक्लवको कार्य समितिमा देहायका युवालाई सदस्यको रुपमा मनोनित गर्नेछ ।

### ४. वडा युवाक्लबको गठनः

१. वडा अध्यक्षको संरक्षकत्वमा प्राथमिकताक्रमका युवाहरुमध्येबाट निम्न पदाधिकारी रहने गरी १५ सदस्य वडा युवाक्लव गठन गरिनेछ ।

क. अध्यक्ष- १ जना

ख. सचिव- १ जना

ग. कोषाध्यक्ष- १ जना

घ. सदस्य-१२ जना

२. उपदफा १ बमोजिम गठन हुने वडा युवाक्लवमा निम्न उल्लेखित प्राथमिकताक्रमका युवाहरुबाट छनौट गरी समिति गठन गर्नु पर्नेछ ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना

ग. स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एक जना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एक जना

छ. स्थानीय सहकारीमा आवद्ध युवहरु मध्येबाट एक जना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एक जना

झ. वडा भित्रका मेधावी विद्यार्थीहरु मध्येबाट एक जना महिला सहित २ जना

ञ. वडा समितिले खुला समूहबाट मनोनित गरेका ३ महिला सहित युवा ५ जना

**५. नगर युवाक्लवको गठनः**

१. नगर प्रमुखको संरक्षकत्वमा निम्न पदाधिकारी रहने गरी १५ सदस्य नगर युवाक्लव गठन गरिनेछ । नगर युवाक्लबको गठन देहाय बमोजिम हुनेछ ।

क. अध्यक्ष- १ जना

ख. सचिव- १ जना

ग. कोषाध्यक्ष- १ जना

घ. सदस्य-१२ जना

२. उपदफा १ बमोजिम गठन हुने नगर युवाक्लवमा निम्न उल्लेखित समूहका युवाहरुबाट छनौट गरी समिति गठन गर्नु पर्नेछ ।

क. नगर भित्रका वडा युवाक्लका अध्यक्षहरु मध्येबाट प्रतिनिधित्व हुने गरी १३ जना

ख. खुला समूहबाट नगर प्रमुखले मनोनित गरेका युवा २ जना

३. उपर्युक्तानुसारको नगर तथा वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

४. नगर तथा वडा युवाक्लबका सदस्य चयन गर्नका लागि नगरपालिका तथा वडा समितिले यस सम्बन्धी थप मापदण्ड निर्माण गरी लागु गर्न सक्नेछ ।

५. नगर तथा वडा युवा क्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । नगर तथा वडा युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

**६. नगर तथा वडा युवाक्लबको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क. युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

ख. नगरपालिका तथा वडा कार्यालयसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

ग. नगरपालिका तथा वडास्तरमा सञ्चालन हुने सरसफाई, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

घ. प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति र नगरपालिकासंगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

ङ. नगरस्तर र वडास्तरमा सञ्चालित हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने

च. दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

छ. प्रत्येक वडा युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

ज. नगरपालिका र सम्बन्धित वडा कार्यालयसंग समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने ।

झ. सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने

ञ. दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने

ट. नगरपालिका तथा वडा कार्यालयबाट समय समयमा दिएको निर्देशन पालना गर्ने ।

ठ. सम्पादन गरिएको कार्यको प्रगति विवरण नगरपालिकामा तथा वडा कार्यालय पेश गर्ने र दिएको राय सुझाव कार्यान्वयन गर्ने ।

## परिच्छेद-३
## (विवध)

**७. आर्थिक व्यवस्थापनः**

१. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम क्लबको खातामा जम्मा हुनेछ ।

**८. खाता सञ्चालनः**

(क) संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(ख) क्लवले खाता वाणिज्य वैङ्कमा खोल्नु पर्नेछ । खाता खोल्नको लागि नगर युवाक्लवको हकमा नगरपालिका र वडा युवाक्लवको हकमा सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरेपछि मात्र क्लवको नाममा बैङ्क खाता खोलिने छ ।

**९. कार्यक्रम सञ्चालन गर्न दिन सकिने :**

१. नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रममा परेका कुनै योजना तथा कार्यक्रम नगर तथा वडा युवाक्लव मार्फत सञ्चालन गर्ने गरी सञ्चालन अनुमती दिन सक्नेछ ।

**१०. परिचय पत्र सम्बन्धी व्यवस्थाः**

१. नगर युवाक्लबका पदाधिकारिहरुलाई नगरपालिकाबाट र वडा युवाक्लवका पदाधिकारीलाई वडा कार्यालयबाट परिचय पत्र उपलव्ध गराइनेछ ।

**११. मापदण्डको व्याख्याः** यस मापदण्डको व्याख्या सम्बन्धमा कुनै द्विविधा भएमा नगर प्रमुखले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१२. संशोधन :** यस मापदण्डमा संशोधन गर्नुपरेमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।